नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
मोरङ्ग

☎०२१-५०३०४०
ईमेलः pmamp.piu.morang @gmail.com

## मासु निर्यात अभिवृद्धिका लागी राँगा वा भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

सुचना नं.-८

(प्रथम पटक प्रकाशित मिति :२०८२/०८/१५ गते)

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, मोरङ्गको चालु आ.व. ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,** २०८२ बमोजिम योग्यता पुगेका इच्छुक समूह/सहकारी/फर्म/कम्पनीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् (मिति २०८१/०९/०६ गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम | समूह,सहकारी ,फर्म र कम्पनी | मोरङ्ग र सुनसरी जिल्लाभरी | मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ३ मा उल्लेख भए बमोजिम | कूल लागत अनुमानको बढीमा पचास प्रतिशत अनुदान रकम अनुदान उपलब्ध गराईनेछ। |

**क.कार्यक्रम सञ्चालनका क्रियाकलापहरु:** कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(क) मासुका लागि पाडा वा पाडी खरिद तथा ढुवानी
(ख) गोठ निर्माण वा सुधार,
(ग) घाँसेबाली तथा आहारा व्यवस्थापन,
(घ) औषधी उपचार, परजीवी नियन्त्रण तथा खोप कार्य,
(ङ) पशुपालनका लागि यन्त्र, उपकरण,औजार सहयोग,
(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु,
(छ) पशु पहिचान तथा अभिलेखीकरण,
(ज) कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, होडिङ बोर्ड, प्रतिवेदन र प्राविधिक सेवा टेवा

मनोज
रिष्ठ

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
मोरङ

☎०२१-५०३०४०
ईमेल:pmamp.piu.morang @gmail.com

ख. निवेदन साथ संलग्न कागजातहरु:-

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(३) उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(४) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

नोटः अनुसूची-२ अनुसारको आवेदन तथा अनुसूची-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना पत्र कार्यक्रम कार्यान्वयन एकाइ,मोरङ्गको वेभसाईट-www.piumorang.pmamp.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

१)मासुका लागि पाडा वा पाडी खरिद तथा ढुवानीको हकमा प्रस्तावको कूल लागतको अधिकतम ५० प्रतिशत सम्म खर्च गर्न सकिनेछ।

२) पाडा वा पाडी खरिद गर्दा उपलब्ध भएसम्म सरकारी वा नीजि स्रोत केन्द्रहरुबाट खरिद गर्नु पर्नेछ।

३) पाडा वा पाडी खरिद गरेको अवस्थमा अनिवार्य रुपमा पशु बीमा गर्नु पर्नेछ।

थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ, मोरङको फोन नं. ०२१-५०३०४० / कृषि अधिकृत/सूचना अधिकारी ९८६२१६०६२१ र जोन प्राविधिक एकाइ सुनसरीको फोन नं. ०२५-५६०६७४/ कृषि अधिकृत ९८४२०३६४१३ मा सम्पर्क राख्न सकिने छ ।

मनोज कुमार ...दव
वरिष्ठ कृषि अ...